स्वच्छ संमृद्ध सुसंस्कृत इलाम
# इलाम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शिक्षा,युवा तथा खेलकुद शाखा
इलाम
१ नं.प्रदेश,नेपाल

Green Ilam

पत्र संख्याः ०७७/७८
चलानी नः ३९८४

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखा १ नं. प्रदेश, नेपाल

मितिः २०७८/०२/१०

**विषयः आधारभूत शिक्षा परीक्षा (कक्षा ८) सम्बन्धमा।**

श्री कक्षा ८ सञ्चालित सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,
इलाम नगरपालिका, इलाम।

प्रस्तुत विषयमा कोभिड- १९ को संक्रमण दर दिनानुदिन बढ्दै गइरहेको र यसको प्रत्यक्ष प्रभाव बालबालिका तथा अभिभावकहरुमा समेत परेको हुँदा भौतिक रुपमा विद्यालयहरुमा उपस्थित भएर आधारभूत शिक्षा परीक्षा (कक्षा ८) को वार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्न हालको अवस्थामा कठिनाइ भएकोले कक्षा ८ सञ्चालित सबै विद्यालयहरुले तपसिलबमोजिम गर्नु गराउनु हुन यस कार्यालयको मिति २०७८/०२/१० गतेको निर्णयानुसार अनुरोध छ।

**तपसिलः**

१. कक्षा ८ को तोकिएको पाठ्यक्रम अनुसार विद्यालयले लिएका परीक्षाहरु मध्ये अधिकतम पाठ्यक्रम समावेश हुने गरी पछिल्लो पटक लिइएको परीक्षाको अंकलाई विषयगत पूर्णाङ्कमा दिइएको शुत्र प्रयोग गरी परिवर्तन गर्ने र विद्यार्थीको अन्तिम प्राप्ताङ्क निकाल्नु पर्नेछ। शुत्रः

$$\text{अन्तिम प्राप्ताङ्क} = \frac{\text{विद्यार्थीको प्राप्ताङ्क}}{\text{परीक्षाको पूर्णाङ्क}} X \text{ विषयको पूर्णाङ्क}$$

जस्तैः गणित विषयको अन्तिम परीक्षा ५० पूर्णाङ्कको लिएको भएमा उक्त परीक्षामा कुनै विद्यार्थीले ३५ अंक प्राप्त गरेको भए उसको अन्तिम मूल्याङ्कनका लागि प्राप्ताङ्क निकाल्दा विद्यार्थीको प्राप्ताङ्क ३५ लाई परीक्षाको पूर्णाङ्क ५० ले भाग गरी विषयको पूर्णाङ्क १०० ले गुणा गर्दा ७० आउँछ र त्यो ७० अंक त्यो विद्यार्थीको अन्तिम मूल्याङ्कनको प्राप्ताङ्क हो। प्रयोगात्मक परीक्षा हुने विषयहरुको लागि विषयको पूर्णाङ्कमा सैद्धान्तिक तर्फको पूर्णाङ्क मात्र उल्लेख गर्नु पर्नेछ।

२. अन्तिम प्राप्ताङ्कको समष्टिगत विवरणलाई तोकिएको ढाँचामा भरी सोको प्रमाणित प्रति र विद्युतीय प्रति शाखाको इमेल ठेगाना shikshashakha76@gmail.com मा **मिति** २०७८/०२/२० सम्ममा उपलब्ध गराउनु पर्नेछ।

३. कक्षा ८ को आवेदन फारम भरेका विद्यार्थीहरुको नामनामेसी र रोल नं सहितको विवरण भएको ढाँचा शाखाबाट सम्बन्धित विद्यालयको इमेल मार्फत् उपलब्ध गराइनेछ। उपलब्ध गराइएको विवरण विद्यालयले IEMIS मा प्रविष्टि गरेको तथ्याङ्कबाट लिइएको हुँदा विवरणमा फरक परेमा शाखाबाट उपलब्ध हुने ग्रेडसिट र प्रमाणपत्रमा समेत असर पुग्ने भएकोले IEMIS मा Edit गरी पुनः अपलोड गर्नुपर्नेछ।

४. सम्बन्धित विषय शिक्षकको समन्वय र सहयोगमा प्रधानाध्यापक र कक्षा शिक्षकले पछि सम्म फरक नपर्ने गरी समष्टिगत विवरण तयार गर्नु पर्नेछ।

प्रेमकुमार गौतम
उप सचिव (अधिकृत स्तर दशौं)

स्वच्छ संमृद्ध सुसंस्कृत इलाम

# इलाम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## शिक्षा,युवा तथा खेलकुद शाखा

१ नं.प्रदेश,नेपाल

पत्र संख्या: ०७७/७८

चलानी न:

५. समष्टिगत विवरण तयार गर्ने कार्यका लागि संभव भएसम्म एकापसमा विद्युतीय माध्यमको प्रयोग गर्नु पर्नेछ। भौतिक रुपमा विद्यालयमा नै उपस्थित हुनु पर्ने अवस्थामा आलोपालो गरी सकेसम्म कम जनशक्तिको उपयोगमा स्वास्थ्य सुरक्षाका सबै मापदण्डहरुको पालनाका साथ कार्य सम्पन्न गर्नु पर्नेछ।

६. तोकिएको समय भित्र शाखामा मेल प्राप्त भएको विवरणलाई नै अन्तिम प्राप्ताङ्क विवरण मानिने हुँदा समष्टिगत विवरणमा सच्याउन, केरमेट गर्न र टिपेक्स प्रयोग गर्न पाइने छैन।

७. नगरस्तरीय परीक्षा सञ्चालन तथा समन्वय समितिबाट परीक्षाफल प्रकाशन नभएसम्म विद्यालयले तयार गरेको समष्टिगत विवरण गोप्य राख्नुपर्नेछ।

८. नतिजा प्रकाशन पश्चात् पुनर्योग गराउने, सच्याउने जस्ता कार्यहरु यस वर्ष गरिने छैन।

९. विद्यालयबाट प्राप्त विवरण झुठा ठहरेमा वा गलत विवरण पेश गरेको पाइएमा सोको कानुनबमोजिम जवाफदेही विद्यालय आफैं हुनेछ।

१०. विद्यालयहरुबाट प्राप्त समष्टिगत विवरणको आधारमा IEMIS मा अंक प्रविष्टि गरी जेष्ठ मसान्त सम्ममा नतिजा प्रकाशन गरिनेछ।

**बोधार्थ:**

श्री सूचना तथा प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा अपलोड गरिदिनु हुन।

प्रेमकुमार गौतम
उप सचिव (अधिकृत स्तर दशौं)